अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## नेपालको सुधार आवश्यकताहरु परिपूर्ति गर्न विश्व बैंकको सहयोग

*सुधारतर्फ अभिमूख संस्थाहरुलाई ३० लाख अमेरिकी डलरको प्राविधिक अनुदान सहायता उपलब्ध हुने*

**वाशिङ्गटन डि.सी., असार १४, २०६२ –** विश्व बैंकले नेपालको समष्टिगत सुधार कार्यक्रमका लागि ३० लाख अमेरिकी डलरको प्राविधिक सहायता अनुदानस्वरुप उपलब्ध गराउने भएको छ । बैंकद्वारा **आर्थिक सुधार प्राविधिक सहायता परियोजना**का लागि आज स्वीकृत उक्त अनुदान सहायताको उद्देश्य नेपालमा उच्च तहको वृद्धि ल्याउन महत्वपूर्ण रहेका सार्वजनिक क्षेत्रको क्षमता अभिवृद्धि, सेवाको वितरण, सामाजिक समावेशीकरण, सुशासनका साथै अर्थतन्त्रमा सार्वजनिक क्षेत्रबाट हुने अनुत्पादनशील हस्तक्षेप कम गर्न स्वदेशमै विकसित सुधार कार्यक्रमको सुदृढीकरण गर्नु रहेको छ ।

*नेपालका लागि विश्व बैंकका आवासीय प्रतिनिधि* **केनईची ओहाशी***का अनुसार 'सामाजिक न्याय तथा दीर्घकालीन शान्ति स्थापनालाई प्रवर्द्धन गर्नका लागि उपरोक्त सुधारहरुको केन्द्रीय महत्व भएको तथ्यप्रति नेपालका प्रमुख नीतिनिर्माताहरु सचेत हुनुहुन्छ ।' श्री ओहाशीले 'नेपालको गरिबी न्युनीकरण रणनीतिमा समेत प्रतिबिम्वित यो तथ्य सुधारका लागि सबल आन्तरिक दबाबको आधार बनेको' विचार व्यक्त गर्दै 'तथापि, नेपाली नीतिनिर्माताहरुले नेपालको विकासमा सहकार्यरत बाह्य साझेदारहरुबाट प्राप्त सहायताले मात्रै नेपालका प्राविधिक समस्याहरुको समाधान नपाउन सक्तछन्' भन्नुहुन्छ । उहाँका अनुसार- 'यस परियोजनाले नेपाली सुधारकहरुलाई आफ्नो ज्ञान तथा क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने प्राविधिक सहयोग उनीहरु स्वयम्ले उचित ठानेको जहाँसुकैबाट पनि परिपूर्ति गर्न मद्दत गर्नेछ ।'*

नीतिनिर्माताहरुको आग्रह अनुरुप यस परियोजना अनुदानबाट शासकीय आधार तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन, निजीकरण प्रक्रियामा तीव्रता, सेवा प्रदान गर्ने कार्यमा सुधार र सरकारका सुधार प्रयासहरुका बारेमा व्यापक सार्वजनिक जानकारी गराउन मद्दत गर्ने सञ्चार कार्यक्रमलाई सघाउ पुऱ्याइनेछ। लचिलो तरिकाले उपयोग गर्न सकिने यस अनुदानलाई विज्ञ, परामर्शदाताहरुको सेवा लिन तथा तालिमका लागि समेत खर्च गर्न सकिनेछ।

*विश्व बैंकका निजी क्षेत्रको विकास सम्बन्धी बरिष्ट विज्ञ* **इस्माइल रद्वान** *को भनाईमा 'सार्वजनिक तथा निजी क्षेत्रका दक्ष नेपालीहरुका साथै यथासंभव: विदेशस्थित नेपालीहरुको समेत विशेषज्ञता उपलब्ध गरी नेपालका समस्याहरुको समाधानका लागि नवीन तथा स्थानीय उपायहरु अवलम्बन गर्न सरकारलाई सहयोग पुऱ्याउने प्रयासस्वरुप बैंकले यो अनुदान प्रदान गरेको हो। स्थानीय तवरमा विशेषज्ञता उपलब्ध हुन नसकेमा सरकारले यो अनुदान रकमलाई स्थानीय क्षमतामा बल पुग्ने गरी अन्तर्राष्ट्रिय क्षेत्रका सम्बद्ध विशेषज्ञको सेवा लिन उपयोग गर्न सक्नेछ। यस परियोजनाले सुधारहरुको कार्यान्वयनका लागि सार्वजनिक संस्थाहरुको विकासमा टेवा पुऱ्याउनेछ, जसबाट सार्वजनिक क्षेत्रको कार्यप्रगति तथा आर्थिक व्यवस्थापनमा सुधार आई अन्तत: सबै नेपालीहरुको हित हुने अपेक्षा राखिएको छ।'*

विश्व बैंकको सहुलियतपूर्ण सहयोग प्रदान गर्ने निकाय अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने यो प्रारम्भिक बीज पूंजीले सुधारप्रक्रियामा समर्पित नेपाली निकायहरुको माग अनुरुप नेपालको विकासमा सहकार्य गरिरहेका साझेदारहरुको व्यापक समुदायलाई समेत आफ्ना प्राविधिक सहायता तथा अनुदानलाई यसै कार्यतर्फ लक्ष्यित गर्न प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ।

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि:*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*